# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण

# २०८१

## उर्लावारी नगरपालिका

## नगरकार्यपालिको कार्यालय

## उर्लावारी,मोरङ

**सहजिकरण**

**जानकी कुँवर (राठी)**

# १.परिचय खण्ड

## १.१. पृष्ठभूमीः

संविधानले  तिनै तहका सरकारलाई व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकार प्रदान गरेको छ |संघीयताको अभ्यास मुलुकको लागि नयाँ भएको र संघीयता कार्यन्वयनका लागि स्थानिय, प्रदेश एवं संघीय सरकारको स्थापना र यी तिनै तहका सरकारको संस्थागत विकास हुनु अत्यावश्यक देखिन्छ । जसको मूल लक्ष्य प्रदेश तथा स्थानीय सरकारलाई पूर्णरुपमा दिगो विकासको लक्ष्यलाइ समावेशी एवम जवाफदेही बनाउनु रहेको छ|  नेपालमा विगतदेखि नै महिला, लक्षित व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र  विकास प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको पाइन्छ।यसका निमित्त लक्षित वर्गको स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच बढाउने, राज्य संरचना एवम् निर्णय प्रक्रियामा न्यायोचित प्रतिनिधित्व गराउने, लक्षित वर्ग तथा समुदायको उत्थान, विकास र सशक्तीकरण गर्ने एवं सामाजिक सुरक्षाका लागि संस्थागत रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने लगायतका कार्यहरु भएका छन्। यी कार्यक्रमहरूबाट लक्षित वर्गको सशक्तीकरणमा उल्लेख्य योगदान पुगेको छ। नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी **समावेशी अवधारणालाई** आत्मसात् गरिएको छ।

नेपाल सरकार तथा कुनै पनि सरकारी निकाय वा सामाजिक संघसंस्थाको नीति तथा कानुन र योजना संस्थागत विकास, ,मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासनको क्षेत्रमा लैङगिक सनतुलनको अवश्था विश्लेषण गर्ने प्रक्रिया नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण हो ।कुनै पनि निकाय वा संस्थाको नीति तथा कार्यक्रम र बजेट विनियोजन तथा कार्यान्यिनका सबै पक्षहरुमा सबै वर्ग जातजाती र क्षेत्रका महिला र पुरुषको सन्तुलित अवसर तथा लाभ सुनिश्चित गर्ने ब्यवहारिक प्रक्रिया हो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणले महिला र पुरुषका लागी छुट्टा छुट्टै बजेट विनियोजन भए नभएको अवश्थाको भन्दा पनि सम्बन्धित निकायको लैङ्गिक नीति तथा कानुनको विकास, लैङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम, स्रोतसाधनको बाँडफाँड र परिचालनमा लैङ्गिक तथा समावेशी  सम्वेदनशीलताको व्यवस्था र विद्यमान अभ्यासको लेखाजोखा गर्दछ ।

**<u>योजना तथा बजेटसंग लैससासको अन्तर्सम्बन्ध</u>**

लैससासको विषय हरेक प्रदेश सरकार/मन्त्रालय र स्थानीय तहले तर्जुमा गर्ने आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको अभिन्न अंगको रुपमा रहेको हुन्छ। आवधिक र वार्षिक योजना तर्जुमा गर्दा लैससाससँग सम्बन्धित मामिलाहरुलाई उठान गरी आवधिक र वार्षिक योजना दस्तावेजमै समावेश गर्नु पर्दछ। साथै आवधिक योजना कार्यान्यिन गर्दा छूट भएका लैससासका सवालहरुलाई वार्षिक विकास योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुका साथै वार्षिक विकास कार्यक्रम र योजना तयार गर्दा लैससासलाई सबै विषय क्षेत्रमा समेट्नु वेश हुन्छ। स्थानीय तहहरुबाट लैससास सम्बन्धी कार्यक्रमका लागि आफ्नो स्रोत साधन बाहेक अन्य गैह्रसरकारी संस्था, सामाजिक संघ संस्था तथा निजी क्षेत्रको सहयोग समेत परिचालन गर्न सकिन्छ।

## १.२.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण अध्ययनको महत्वः

समानुपातिक समावेशीताका आधारमा राज्य संरचनाका सवै अंगहरुमा महिला बालबालिका, दलित, आदिवासी, जनजाती, मधेसी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पछाडि पारिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितीकरणका कारण सामाजिक समूहको विकास सूचकहरुमा भएको कमजोर अवस्था र सामाजिक आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहूँचको अन्तरलाई न्यून गर्नु आवश्यक देखिन्छ । राष्ट्रीय योजना आयोगको पन्ध्रौ योजनाको आधारपत्र तथा सोह्रौ योजनामा राष्ट्रीय लक्ष्यहरु निर्धारण गरीएको छ,। यसका साथै नेपालले संयुक्त साष्ट्रसंघको दिगो विकास लक्ष्यसंग जोडिने गरी राष्ट्रीय सम्भावनाका आधारमा जनाएका प्रतिवद्धता अनुसार नेपालको दिगो विकास लक्ष्य र परिमाणात्मक लक्ष्यहरु निर्धारण गरेको छ । ती लक्ष्यहरु कुनै एक तहको सरकारको एकल प्रयास र चाहानाबाट पुरा हुन कठिन हुन्छ । तसर्थ ती लक्ष्यसंग मेल खानेगरी तीनै तह विच अग्रगामी र क्षीतीजीय समन्वयका आधारमा विषयगत लक्ष्य ,परिमाणात्मक लक्ष्य र उद्देश्य निर्धारण गरिनु पर्दछ । यस्ता परिमाणात्मक सूचकहरुमा योजना तर्जुमा गर्दा सबै तहको समन्वयात्मक सहकार्यमा योजना तर्जुमा भएमा सकारात्मक परिणाम आउछ ।संघीय सरकार तथा प्रदेश सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्धाहरुलाई नीतिगत तथा कानूनी सुधार गर्दै अग्रता दिइ रहेको सन्दर्भमा समेत यस विषयलाई प्राथमिकतामा राखि आगामी दिनमा तयार गरिने नीति तथा कार्यक्रम र बजेटहरुमा समेत मूलप्रवाहीकरण गर्नुपर्ने नितान्त आवश्यकता छ। सवैको चासो र चिन्तामा लक्षित वर्ग तथा महिलाहरु समेटिए पनि निश्चित कार्यक्रम र नीति तय गरेर कार्यक्रमहरु सञ्चालन हुन नुसकेको अवश्थामा स्थानीय तहले नियमित रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी सहभागितामुलक सिद्धान्तका आधारमा संविधानले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाको **सवै** शाखा तथा कार्यक्रम सञ्चालनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्यान्वयन तथा प्रवर्द्धन गर्नका लागी कार्यालयलाई सहयोग पुग्नेछ।

## १.३.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको  उद्देश्यहरु :

लैससास मूलप्रवाहीकरणका लागि यस नगरपालिकाले  लिएका नीति, कार्यक्रम, बजेट, आयोजना, काम गर्ने वातावरण, कार्य संस्कृतिको संस्थागत अवस्था परीक्षण गरी लैससासलाई संस्थागत रुपमा सबल र सक्षम बनाउन सहयोग पुर्याउनु हो ।

- नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण भए नभएको तथा लैससास आन्तरिकीकरणका लागि गरिएका प्रयास र प्रतिवद्धताको  अवश्था विश्लेषण गर्ने।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्यलाई नगरपालिकाको संरचना, नीति, रणनीति र कार्ययोजनाहरुमा विशेष प्राथमिकताका दिनुका साथै आवश्यक आर्थिक तथा मानवीय श्रोतको सुनिश्चित गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको आधारमा समस्या तथा चुनौतीहरूको पहिचान गरी सो समाधान /सम्बोधनका लागि पृष्ठपोषण दिनुका साथै  कार्ययोजना तर्जुमा गर्न सहजीकरण गर्ने ।
- नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अन्तरको **(GESI GAPs)**बारेमा जानकारी प्राप्त गरी उक्त अन्तरहरुको सम्बोधनका लागी नगरपालिकाले आगामी कार्यक्रम निर्माण गर्नेछ ।
- नगरपालिकाको  सवै कार्यक्रम योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट परीक्षण गर्ने र यसलाई संस्थागत गर्दै लैजाने परिपाटीको विकास गर्ने ।
- विकास प्रकृयामा साधन र स्रोतको बाँडफाड, परिचालन तथा लैङ्गिक उत्तरदायी र समावेशी बनाउन सहयोग पुग्ने।

## १.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले समेटेका क्षेत्रहरुः

स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ मा लैससास परीक्षणका लागि स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार र दीगो विकास विषयवस्तु लगायत नेपाल सरकारका प्रतिवध्दताहरू समेटिएका छन्। लैससास परीक्षणका लागि देहायका पाँचबटा मुख्य विषय क्षेत्र (मूख्य सूचक) हरु तथा अंकभारको व्यवस्था गरिएको छ:

| | |
|---|---|
| १. नीति, कानून, योजना | २० |
| २. संस्थागत व्यवस्था | २० |
| ३. मानव संसाधन तथा क्षमता विकास | २० |
| ४. सेवा प्रवाह | २० |
| ५. सुशासन तथा उत्तरदायित्व | २० |
| **जम्मा:** | **१००** |

लैससास परीक्षणका प्रमुख पाँचवटा विषय क्षेत्र भित्र विभिन्न २२ वटा उप विषय क्षेत्र र सो अन्तर्गतका १०० वटा सूचकहरु रहेका छन्। उक्त २२ वटा उप विषयक्षेत्रहरु यसप्रकार रहेका छन्।

१. नीति र कानूनमा समावेशिता/सहभागिता
२. योजना तर्जुमा तथा कार्यान्वयन
३. बजेट तर्जुमा तथा कार्यान्वयन
४. कर्मचारी पदाधिकारी प्रतिनिधित्व
५. कार्यप्रणाली समावेशी
६. समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व
७. वित्त व्यवस्थापन प्रणालीमा समावेशिता
८. तथ्याङ्क सङकलन तथा व्यवस्थापन
९. मानव संसाधन तथा क्षमता विकास
१०. अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना
११. कानूनी साक्षरता
१२. विपद व्यवस्थापनमा समावेशिता
१३. पूर्वाधार विकास
१४. प्रजनन् स्वास्थ्य
१५. शिक्षा कार्यक्रम
१६. खानेपानी तथा सरसफाइ
१७. स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन
१८. सुशासन
१९. उत्तरदायित्व र जवाफदेहिता
२०. सूचना तथा संचार
२१. अनुगमन तथा मूल्याङ्कन
२२. समन्वय र सम्बन्ध बिस्तार

सूचकहरुमा मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक०.मध्यम अवस्थालाई ,५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्नेछ। प्रत्येक सूचकमा अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको '०' र ,'०.५' ,'१' छ।यी सूचकमा गरिने मूल्याङ्कनसामुहिक मूल्याङ्कन भएको हुनाले समूहमा सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गरिएको छ।सबै सूचकहरुमा अंक प्रदान गरी सकेपछि अंक प्राप्त गरेको आधारमा मूल्यांकन गरिएको छ ।

**सर्वोत्तम:** सबै सूचकको कूल प्राप्ताङ्क ८० वा सो भन्दा माथी भएमा

**उत्तम:** सबै सूचकको कूल प्राप्ताङ्क ६० वा सो भन्दा बढी वा ८० भन्दा कम भएमा

**सामान्य:** सबै सूचकको कूल प्राप्ताङ्क ४०वा सो भन्दा बढि र ६० भन्दा कम भएमा

**कमजोर:** सबै सूचकको कूल प्राप्ताङ्क ० वा सो भन्दा बढि र ४० भन्दा कम भएमा

## १.५.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि र प्रक्रियाः

लैससास परीक्षणका लागि मूख्य सूचकको रुपमा नीति, कानून, योजना; संस्थागत व्यवस्था; मानव संसाधन तथा क्षमता विकास; सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व गरी पाँचबटा शीर्षकहरु भित्र विभिन्न २२ वटा उपशीर्षकहरू राखिएका छन्। ती उपशीर्षकलाई प्रष्ट वनाउनका लागि प्रत्येक उपशीर्षकमा सम्बन्धित विषय क्षेत्रका सयवटा प्रश्नहरू समावेश छन्। १००वटा प्रश्नलाई प्रत्येक प्रश्नको अंकभार १ कायम गरी कुल अंकभार १०० कायम गरिएको छ।

सबै सूचकहरुमा अंक प्रदान गरिसकेपछि ५ वटा मूल शीर्षकहरू र २२ वटा उपशिर्षकहरुमा प्राप्त अंकहरूलाई माकुरीजालोको चित्र (Spider Net) बनाई लैससास प्रतिवेदनमा उक्त नमूना चित्र समेत समावेश गरी राखिएको छ । चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिंदै सुधारका पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा स्थानीय तहलाई एक **आदर्श लैससासमैत्री स्थानीय** तहको रुपमा स्थापित गर्नका लागी आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकिकृत कार्य योजना बनाई पेश गरिएको छ।

### १.५.१.तयारी चरण :

- सम्वन्धित नगरपालिकामा स्थानीय तहका लागी "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८" बमोजिम कार्यदल तथा कार्यन्वयन समिति निर्माण तथा संभावित कार्यशाला गोष्ठी मार्फत सहभागितात्मक छलफल तथा सूचकमा अंक प्रदान गरी नतिजा हांसिल गरिएको छ।
- कार्यशाला गोष्ठी अगावै सहजकर्ता तथा लैससास परीक्षण कार्यदल बीच छलफल तथा  नगरपालिकाका वार्षिक योजना, बुलेटिन पार्श्वचित्र तथा विभिन्न समयमा नगरकार्यपालिका तथा नगर सभाले गरेका आवश्यकता अनुसारका निर्णयहरु, केन्द्रबाट प्राप्त निर्देशन तथा गत आ.व.को लैससास प्रतिवेदन लगायतलाई  लैससासको दृष्टिकोणवाट विश्लेषण तथा पुनरावलोकन गरी कार्यशालामा उपस्थित सहभागीका पुष्ट्याइका आधारहरुमा सूचकमा अंक प्रदान गरिएको छ।

### १.५.२.कार्यान्वयन चरण:

लैससास संग सम्बन्धित अभिलेख तथा प्रमाणित कागजातहरु संकलन गरि लैससास परिक्षणका लागी नगरपालिकाको निति तथा कार्यक्रम, योजना कार्यान्वयन सम्बन्धित अन्य दस्तावेजहरुको पुनरावलोकन गरि सूचकगत अवस्थालाई प्रारम्भिक प्रतिवेदनमा पेश गरिएको र उक्त प्रतिवेदनमा **कार्यदल** तथा लैससास सम्पर्क व्यक्ति (GESI Focal Person) बाट थप अभिलेखको समेत अध्ययन र अंकनको आधारमा मूल्यांकन गरिएको छ।कार्यदल तथा लैससास सम्पर्क व्यक्तिबाट प्राप्त पृष्ठपोषणका आधारमा अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### ५.१.३.प्रतिवेदन चरणः

१०० वटा सूचकहरु मध्येमा सान्दर्भिक नदेखिएका तर हाललाई स्वविवेक र सहभागीहरुको अभ्यासबाट प्रमाणीकरणका आधारमा प्रदान गरिएको अंकलाई निर्धारण गरि प्राप्त नतिजालाई माकुरो जालो र स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

- यस नगरपालिकाको अवस्था लेखाजोखा गर्दा नीति कानून र योजना, संस्थागत ब्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सुशासन तथा उत्तरदायित्व र सेवा प्रवाह गरि मूख्य ५ वटा मूल शिर्षकको २२ वटा उपसूचकको आधारमा अवस्थाको विश्लेषण लेखाजोखा गरिएको छ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ को तालिका नं ९को ढाँचामा प्रतीवेदन तयार गरी अन्तिम प्रतिवेदन **उर्लावारी नगरपालिकामा** पेश गरिएको छ।

### १.५.४.दस्तावेजहरुको अध्ययनः

- नगरपालिकाले निर्माण गरी कार्यान्वयनमा ल्याएका नीति, कानुन, निर्देशिका, कार्यविधि
- आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रमहरु
- वार्षिक/चौमासिक प्रगती समिक्षा प्रतिवेदन
- अनुगमन समितिको प्रतिवेदन
- स्थलगत अवलोकन
- कार्यालयको भौतिक संरचना

### १.५.५.सहभागीहरुको समावेशीताको विवरण :

| क्र.सं. | सहभागी | | दलित | जनजाती | बाह्यमण / क्षेत्री |
|---|---|---|---|---|---|
| ३ | महिला | १६ | ५ | ५ | ६ |
| ४ | पुरुष | २३ | १ | ५ | १७ |
| जम्मा | | ३९ | ६ | १० | २३ |

# २. तथ्याङ्क प्रस्तुतीकरण खण्डः

## २.१.उर्लावरी नगरपालिकाको परिचयः

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिव ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१।०१।२५ गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३।११।२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिकाको रुपमा कार्यान्वयन एक नगरपालिका हो । मोरङ जिल्लाकै नमूना नगरको रुपमा परिचिति हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँ पालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ भने यस नगरपालिकाको क्षेत्रफल भने ७४.६२ वर्ग कि.मि. रहेको छ । समुन्द्री सतहबाट २६.६७ डिग्रि उत्तरी अक्षांश तथा ८७.६१ डिग्री पूर्वी देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । यस नगरमा करिव ७०,६०५ जनसंख्या मध्ये ५१.१३ प्रतिशत महिला र ४८.८७ प्रतिशत पुरुष सहित १३७६१ घरधुरी रहेको पाइन्छ । अधिकांश भू–भाग खेतियोग्य जमिन भएतापनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडि (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र क्रमिक रुपमा मानिसको बसोवास वृद्धिसँगै नगर क्षेत्रको रुपमा विकसित भएको मान्न सकिन्छ ।

## २.२.उर्लावरी नगरपालिकामा लैससासको वर्तमान अवश्थाः

नेपालको संविधानले यहि विविधतायुक्त पहिचानलाई आत्मासात गरी समानुपातिक, समावेशी र सहभागितामूलक समाज निर्माणको सकल्प गरेको छ ।नेपालले विभिन्न महासन्धीहरुमा हस्ताक्षर गरेको छ भने राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय स्तरमा विभिन्न प्रतिबद्धताहरु व्यक्त गरेको अवश्था छ। लैङगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण रणनीति २०७९ समेत तयार पारि आफ्ना नीति तथा कार्यक्रमहरुमा पनि लैससासलाई प्राथमिकताका साथ कार्यान्वयनको प्रयास गरेको छ ।यस नगरपालिकाको समग्रतामा अध्ययन गर्दा लैससासको दृष्टिकोणले केही कामहरु भएका छन । नगरपालिकाले सबै वडाको बस्तुगत विवरण अध्ययन गरी नगरपालिकाले आफ्नो स्पस्ट चित्र तयार गरिसकेको छ ।आवश्यकता अनुसार हालसम्म नियम, कानूनहरु,कार्यविधि आचारसंहिता लगायत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रममा बजेट निर्माणका लागी वार्षिक योजना तयार गरी प्रकाशन गरेको छ । नगरपालिकाको कानून, कार्यविधि वस्तुगत विवरण वार्षिक चौमासिक मासिक प्रतिवेदनहरु अध्ययन गर्दा साथै जनप्रतिनिधि विषयगत शाखाका प्रमुख तथा अन्य कर्मचारीहरु संग छलफल र अन्तरक्रिया गर्दा प्राप्त लैससास सम्वन्धी विशिष्ट सूचकहरु र त्यसको वर्तमान अवस्था तल प्रस्तुत गरिएको छ ।

**यस नगरपालिकाको ०८०/०८१ को निति बजेट तथा कार्यक्रममा समावेशीताका कार्यक्रमहरुः**

१.एकल महिलाहरुका लागी कानूनी हक अधिकार सम्बन्धि निरन्तर तालिम संचालन, १६ दिने लैङ्गिक हिंसा विरुद्ध कार्यक्रम,सडक नाटक, लैङ्गिक हिंसा न्यूनिकरणका लागी अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ।

२.लैङ्गिक हिंसा निवारण कोष व्यवस्थापन तथा संचालन कार्यविधि २०७७ ,लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि योजना तथा कार्यक्रमका लागी गत विगत भन्दा बजेट बृद्धि गरिएको र स्थानीय तहमा महिलाको नेतृत्वदायी भूमिकामा सक्रियता बढेको ।

३.बाल उद्दार कोषको व्यवस्था, बालबालिकाका लागी विभिन्न खालका क्षमता विकास तालिम, बालबालिकाका लागी बालबिवाह विरुद्धको अभियान कार्यक्रम संचालन।

४.अपाङ्गता भएका व्यक्तिका लागी निशुल्क स्वास्थ्य विमा ,अपाङ्गता सहायक सामाग्री वितरण अपाङ्गता छात्रावृत्तिको व्यवस्था अपाङ्गता परिचयपत्र वितरण आदि कार्यक्रमहरु संचालन गर्दै आएको ।

५.लैससास मूलप्रवाहिकरण नीति तथा रणनीति २०७८ समेत निर्माण भई कार्यान्वयनमा आएको छ ।

६.ज्येष्ठ नागरिक अन्तरपुस्ता हस्तान्तरण कार्यलाई जोडददिने ।

७.लैङ्गिक तथा घरेलु हिंसा,छुवाछुत,भेदभाव लगायतका कुरिति विरुद्ध लैङ्गिक हिंसा निवारण कोषको परिचालन ।

८.लैससास परीक्षणको माध्यमबाट नगरपालिकामा संचालित कार्यक्रमको अवश्था विश्लेषणका आधारमा कार्यक्रमलाई नतिजामुखी बनाउने ।

# ३.विश्लेषण खण्डः

## ३.१ .लैससास परीक्षणको विश्लेषणका लागि प्रयोग गरिएका विधी तथा औजारहरु :

लैससास परीक्षणका लागी उपशीर्षकलाई प्रष्ट वनाउन  प्रत्येक उपशीर्षकमा सम्बन्धित विषय क्षेत्रका सयवटा प्रश्नहरू राखिएका छन्। जसलाई विभिन्न १००वटा प्रश्नलाई प्रत्येक प्रश्नको अंकभार १ कायम गरी कुल अंकभार १०० कायम गरिएको छ।

उर्लावारी नगरपालिकाको लैससास परीक्षणको विश्लेषणका लागि मुख्य रुपमा ३ वटा विश्लेषण औजार प्रयोग गरि नतिजा लेखन कार्य गरिएको छ । निम्नानुसारका प्रस्तुत गरिएकोछ**:**

### अवश्था विश्लेषण (SWOT) विधि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका १०० वटा सूचकहरुमा अङ्क प्रदान गर्नका लागी समान सहभागीतामा सूचकमा छलफल गरिसकेपछि आ आफ्नो विचारलाई छलफल गरी सबैको सहमतिमानै अंक प्रदान गरीएको छ। समग्रतामा SWOT विधि वाट नगरपालिकाको लैससासका दृष्टिकोणले **नीति कानुन योजना ,संस्थागत व्यवस्था,मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व** को विस्तृत रुपमा विश्लेषण गरिएको थियो ।अवश्था विश्लेषण गर्दा वलियो पक्ष (Strength), कमजोर पक्ष (Weakness), अवसर (Opportunity) र चुनौती (Threats) हरुलाई समूह मार्फत तयार गरी प्रस्तुत गरिएको थियो ।

### समूह छलफल विधि

समूह छलफलबाट स्वेच्छिक रुपमा आएका आ -आफ्ना विचारका आधारमा सूचकहरुको विश्लेषण र अंक प्रदान कार्यमा सहजता भएको थियो ।

### <u>सन्दर्भ समामग्री पुनरावलोकन</u>

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षणका लागि अङ्क प्रदान गर्दा हरेक अङ्कका लागि पुस्टयाइका आधारहरु प्रस्तुत गर्नका  लागि नगरपालिकामा भएका कानून, कार्यविधि, वस्तुगत विवरण, आवधिक योजना, वार्षिक. चौमासिक, मासिक प्रगति प्रतिवेदन नगरकार्यपालिका तथा नगरसभाले गरेका निर्णयहरु तथा विषयगत शाखाबाट सम्पन्न कृयाकलापलाई समेत प्रस्ताव, निर्णय आदिको पुष्टयाईलाई आधारमानि अध्ययन र पुनरावलोकन गरी प्राप्ताङ्क लाई निश्चित गरिएको छ । सबै सन्दर्भ सामाग्रीको अध्ययन र पुनरावलोकनमा खास गरि नगरपालिकाले बनाएका कार्य संचालन दस्तावेजमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वेदनशील भएर बनाईएको  सहभागीको भनाई रहेको र सभाका निर्णयबाट पनि आवश्यकताका आधारमा र संघीय सरकारका अनुदानमा समावेशी कार्यक्रम संचालन तथा सम्पन्न भएको प्रतिवेदनको आधारमा अंक मापन गरिएको छ ।

## ३.२ .परीक्षणका  सूचकहरुको उपयोग:

सहभागीतात्मक अभ्यासका आधारमा ५वटा मूल सूचकहरु र २२ वटा उपसूचकहरु मध्ये १०० प्रश्न वा सान्दर्भिक नदेखिएका  तर आगामी वर्षमा पुनरावलोकन गर्ने गरी हाल प्राप्त अंकलाई १०० प्रतीशतकै मानक राखी  माकुरी जालो विधि र स्तम्भ चित्र विधिबाट प्रस्तुत गरिएको छ ।चित्रले देखाएका राम्रा पक्षलाई निरन्तरता दिंदै कमजोर पक्षलाई सुधार गर्न आगामी दिनमा नगरपालिकाले सुधारका पक्षलाई प्राथमिकतामा राखी दीगो विकास लक्ष्य तथा सोह्रौ योजनाको लक्ष्यलाई समेत समेटने गरी लैससास विकासका लागी  एकिकृत कार्ययोजना निर्माण गरेको छ ।

## ३.३.तथ्यांकको तुलनात्मक अध्ययन विश्लेषण :(आ.व.०७८/७९,०७९/८० र ०८०/८१)

| क्र.स. | सूचक तथा उपसूचकहरु | पूर्णाङ्क | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
|---|---|---|---|---|---|
| | | | प्राप्ताङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क |
| १ | **नीति कानुन योजना** (१(१.३.४ - १.१. | २० | १४. | १५.५ | १६ |
| २ | **संस्थागत व्यवस्था** (२(२.५.४- १.१. | २० | १३. | १६ | १५.५ |
| ३ | **मानवसंसाधन तथा क्षमता विकास** (३(३.४.४ -१.१. | २० | १६. | १५ | १७. |
| ४ | **सेवा प्रवाह** (४(४.५.४-१.१. | २० | १३ | १४. | १४.५ |
| ५ | **सुशासन तथा उत्तरदायित्व** (५(५.५.४ - १.१. | २० | १६ | १५.५ | १६.५ |
| | **जम्मा** | **१००** | **७२** | **७६** | **७९.५** |

तुलनात्मक रुपमा तीन आ.व. (०७८/७९, ०७९/८०, ०८०/८१)को लैससास परिक्षण गर्दा कुन शिर्षकमा कति नंवर आयो भन्ने सवालमा भन्दा पनि किन र कसरी भन्ने सवालमा विश्लेषण गर्न आवश्यक छ ।यस आ.व.मा **नीति ,कानुन र  योजनामा १६(८०%)** अंक गणना गरीएको छ । **नीति ,कानुनमा** समावेशीता,**योजना तर्जुमा तथा कार्यान्वयनमा** आउनुका कारण नगरपालिकाको सबै चरणका योजना तर्जुमा गर्दा सबै वर्गको सहभागीता रहेको । तथापी गत आ.व.मा १५.५ अंक आएकोमा यस पटकको मूल्यांकनमा प्राप्ताङ्क वृद्धि भएको छ **। संस्थागत व्यवस्थामा १५.५अंक(७७.५,%)** गत आ.व.को तुलनामा यस आ.व.मा संस्थागत व्यवस्थामा कम अंक प्राप्त हुनुमा कार्यक्रम कार्यान्वयन तथा बजेट कटौतीको असर पनि हो ।कर्मचारी पदाधिकारी प्रतिनिधित्व,समावेशी नीति निर्माणमा पहल जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने नीतिको आवश्यकता रहेको । **मानव संसाधन तथा क्षमता विकास, १७ अंक (८५%)** अति उत्तमको अवश्था रहेको छ ।गत आ.व.मा १५ अंक ,रहेको तथा यस आ.व.मा शाखा/ ईकाई मार्फत कानूनी साक्षरता, क्षमता विकासका कार्यक्रम, महिलाका लागि स्थानीय तहका प्रत्येक वडामा कानूनी  सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन गरिएको छ ।मानव संसाधन तथा क्षमता विकासका लागी

समावेशी कार्ययोजना तथा बजेटमा विशेष पहल गर्न सकेमा समावेशीका लागी सकारात्मक सुधार हुने जुन विद्यमान अवश्थामा रहेको पाईयो । **सेवा प्रवाह** १४.५**अंक (७२.५%)** उत्तम नतिजा रहेको छ । शिक्षा,बालबालिका र प्रजनन् स्वास्थ्य सम्बन्धि उत्कृष्ट कार्य भएको छ ।पूर्वाधार, खानेपानी तथा सरसफाइ,स्वरोजगार तथा आय आर्जनका लागी केही कार्य गर्न आवश्यक रहेको । **सुशासन तथा उत्तरदायीत्व**मा **१६.५अंक**(८३%) **अतिउत्तम** नतिजा आएता पनि खास गरी यस आ.व.मा केहि सूचकमा गत निर्माण गरिएको कार्ययोजनालाई कार्यान्वयन गरिएकोले पनि नतिजामा फरक आएको हुन सक्छ भन्ने सहभागीहरुको भनाईमा सहमति रहेको थियो ।

# ४. उपलब्धि खण्ड:

## ४.१.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त भएका प्रमुख उपलब्धिहरु:

| क्र.स. | सूचक र उप- सूचकहरु | पूर्णाङ्क | सूचकहरुको संख्या | | | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | "०" आएका | "०.५" आएका | "१" आएका | |
| १ | नीति र कानूनमा समावेशिता/सहभागिता | ८ | १ | ३ | ४ | ५.५ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ० | १ | ७ | ७.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ० | २ | २ | ३.० |
| ४ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | १ | २ | १ | २.० |
| ५ | कार्यप्रणाली समावेशी | ४ | ० | १ | ३ | ३.५ |
| ६ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ० | १ | ३ | ३.५ |
| ७ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ० | ० | ४ | ४.० |
| ८ | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | ४ | ० | ३ | १ | २.५ |
| ९ | मानव संसाधन तथा क्षमता विकास | ८ | ० | २ | ६ | ७.० |
| १० | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना | ४ | ० | २ | २ | ३.० |
| ११ | कानूनी साक्षरता | ४ | ० | १ | ३ | ३.५ |
| १२ | विपद व्यवस्थापनमा समावेशिता | ४ | ० | १ | ३ | ३.५ |
| १३ | पूर्वाधार विकास | ४ | ० | ४ | ० | २.० |
| १४ | प्रजनन् स्वास्थ्य | ४ | ० | १ | ३ | ३.५ |
| १५ | शिक्षा कार्यक्रम | ४ | ० | ० | ४ | ४.० |
| १६ | खानेपानी तथा सरसफाइ | ४ | ० | १ | ३ | ३.५ |
| १७ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | २ | १ | १ | १.५ |
| १८ | सुशासन | ४ | ० | २ | २ | ३.० |
| १९ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ० | ० | ४ | ४.० |
| २० | सूचना तथा संचार | ४ | ० | १ | ३ | ३.५ |
| २१ | अनुगमन तथा मूल्याङ्कन | ४ | ० | २ | २ | ३.० |
| २२ | समन्वय र सम्बन्ध बिस्तार | ४ | ० | २ | २ | ३.० |
| | **जम्मा** | १०० | ४ | ३३ | ६३ | ७९.५ |


लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले  वर्तमान अवस्थालाई उजागर गरेको छ ।यो परीक्षणले लैससास सम्वेदनशिल )महिला तथा लक्षित वर्गमा विशेष) कार्यक्रम तर्जुमा तथा सञ्चालन गरेता पनि साना तर ध्यान पुग्न नसकेका कुराहरु वाहिर ल्याउने कार्य भएको छ भने आगामी वर्षको कार्ययोजना तयारी गर्दा विशेष गरी "०" ४ वटा तथा "०.५" प्राप्त भएका ३३ वटा सूचकलाई  आधार मानी कार्ययोजना तयार गरिएको छ । यो परीक्षणका मुख्य उपलव्धिलाई मूल सुचकका आधारमा तल प्रस्तुत गरिएको छ ।


| विषयगत क्षेत्र | प्रमुख उपलब्धी |
|---|---|
| नीति कानून योजना | ▪ कानून निर्माण प्रक्रियामा लैससासको  दृष्टिकोणबाट उपयुक्त भएको सूचकको अंकनबाट जानकारी भएता पनि   विश्लेषण  गर्ने परिपाटी नभएको वा नगरेकोमा यो प्रति **नगर**पालिका सम्वेदनशील रहेको र आगामी वन्ने सवै ऐन कानून, कार्यक्रम तयार गर्नु अगावै सबै समितिलाई समेटी   समन्वय गर्नुका साथै विश्लेषणका आधारमा कार्य गरेमा  समावेशीका लागी सहयोगी हुनेछ ।<br>▪ योजना ,नीति निर्माण तथा बजेट तर्जुमाका सबै तहमा समावेशीता रहेको ।<br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका ५ मुख्यक्षेत्र मध्य **नीति कानून योजना** का समग्र पक्षलाई विश्लेषण गर्दा **सर्वोत्तम नतिजा** रहेको छ। |
| संस्थागत व्यवस्था | ▪ संस्थागत ब्यवस्थाको समग्र पक्षलाई विश्लेषण र सहभागीहरुको सूचकको अंक मापनको आधारमा अंक प्राप्त गरी **उत्तम** नतिजा हासिल गरेको छ ।<br>▪ कर्मचारी पदाधिकारी प्रतिनिधित्व, कार्यप्रणाली समावेशी तथा तथ्याङ्क सङकलन र व्यवस्थापनमा जोड दिएमा विद्यमान अबश्थामा सकारात्मक सुधार आउने छ ।<br>▪ २०८०/८१ को नीति कार्यक्रममा उल्लेख गरिएका समावेशी कार्यक्रमको कार्यान्वियनको पक्षलाई जोड दिन सकेमा लक्षित कार्यक्रमले सार्थकता प्रदान गर्नेछ। |
| मानव संसाधन तथा क्षमता विकास | ▪ राज्यका नीतिहरुमा समावेशीकरण सम्बन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिक र सामाजिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ ।<br>▪ अंक मापनको आधारमा  **सर्वोत्तमत**  रहेको छ ।<br>▪ लैससास हेर्ने व्यक्ति/फाँट तोकिएको ।<br>▪ कार्यास्थलमा हुन सक्ने कुनै प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणका लागि कानूनी व्यवस्था रहनुका साथै  **आचारसंहिता** निर्माण भई कार्यनवयनमा    रहेको ।<br>▪ कार्यालयमा वार्षिक बजेटलाइ कार्यन्वयन गर्न सक्ने तथा सोको परिचालनमा कटिबद्ध पदाधिकारी सहितको जनशक्ती छ ।<br>▪ महिला तथा समावेशी समुहबाट निर्वाचित भएका जनप्रतिनीधि र कार्यरत कर्मचारीहरुलाई नेपालको संविधान, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको बारेमा जानकारी भएता पनि अभिमुखीकरण गर्न आवश्यकता रहेको। |

| | |
|---|---|
| सेवा प्रवाह | ▪ सार्वजनिक सेवा प्रवाहको गुणस्तर ,सुशासन, मातहत निकायहरुबाट हुने सेवाप्रवाह, विकास निर्माणका कार्यहरु अझ बढी पारदर्शी ,विश्वसनीय, अनुमानयोग्य तथा सेवाग्राहीमैत्री हुनुका साथै स्थानीय सरकार र नागरिक विचको सम्बन्ध सुमधुरका लागी सेवा प्रवाहले महत्वपूर्ण स्थान ओगटको हुन्छ ।<br>▪ सेवा प्रवाहका २० वटा उपसूचकको अंक मापन गर्दा **उत्तम** अवस्था रहेकोछ ।<br>▪ शिक्षा,बालबालिका र प्रजनन् स्वास्थ्य सम्बन्धि उत्कृष्ट कार्य भएको छ ।<br>▪ पुराना सार्वजानिक भवनहरु तथा कार्यालयहरुमा संभव भए सम्म स्थायी प्रकृतिको र तत्काल गर्भवती महिलाका लागी आराम कक्ष , स्तनपान कक्ष तथा पहुँचयोग्य अपाङ्गमैत्री संरचनाको निर्माणमा जोड दिन आवश्यक रहेको ।<br>▪ पूर्वाधार, खानेपानी तथा सरसफाइ, स्वरोजगार तथा आय आर्जनका लागी समावेशी निति कार्यक्रम तथा बजेट विनियोजन गरिएको । |
| सुशासन तथा उत्तरदायित्व | ▪ सुशासन तथा उत्तरदायित्व,जवाफदेहिता,सूचना तथा संचार,अनुगमन मूल्याङ्कन,समन्वय र सम्बन्ध विस्तारलाई स्थानीय तहले नागरिक जीवनमा सुधार ल्याउनका लागी समुदायको पहिचान र विभिन्न क्षेत्रको विकासको अवसरलाई व्यवस्थापन गर्न तीन तहका सरकार विचको अन्तर आवद्धता जस्ता अवसरलाई पूर्णता दिन आवश्यकता रहेको छ ।<br>▪ अंक मापनको आधारमा **सर्वोत्तम** अवश्था रहेको छ ।<br>▪ नियमित रुपमा सार्वजानिक सुनुवाई, हरेक योजनाको सार्वजानिक परीक्षण र वार्षिक रुपमा सामाजिक परीक्षण हुने गरेकोमा यसलाई लैससासको दृष्टिकोणवाट समेत छुट्टै एजेन्डा राखेर छलफल तथा विश्लेषण गर्न पहल गर्न आवश्यक रहेको । |

## ४.२.प्रासाङ्क अनुसार मूल सूचकको अंक तालिका माकूरोजालो तथा रेखाचित्र विश्लेषणः


| क्र.स. | सूचक र उप- सूचकहरु | पूर्णाङ्क | सूचकहरुको संख्या | | | कुल प्रासाङ्क | प्रतिशत | नतिजा |
|---|---|---|---|---|---|---|---|---|
| | | | "०" आएका | "०.५" आएका | "१" आएका | | | |
| १ | नीति कानुन योजना (१. -१.३.४) | २० | १ | ६ | १३ | १६.० | ८०% | सर्बोत्तम |
| २ | संस्थागत व्यवस्था (२.१.-२.५.४) | २० | १ | ७ | १२ | १५.५ | ७७.५% | उत्तम |
| ३ | मानवसंसाधन तथा क्षमता विकास (३.१- ३.४.४) | २० | ० | ६ | १४ | १७.० | ८५% | सर्बोत्तम |
| ४ | सेवा प्रवाह (४.१-४.५.४) | २० | २ | ७ | ११ | १४.५ | ७३% | उत्तम |
| ५ | सुशासन तथा उत्तरदायित्व (५.१ - ५.५.४) | २० | ० | ७ | १३ | १६.५ | ८३% | सर्बोत्तम |
| | जम्मा | १०० | ४ | ३३ | ६३ | ७९.५ | ७९.५% | उत्तम |



माकुरीजालो मूलशिर्षक लैससासको अवस्था लेखाजोखा
नीति कानुन योजना
१६
पुर्णाङ्क
प्रासांक
सुशासन तथा उत्तरदायित्व
१६.५
संस्थागत व्यवस्था
१५.५
१४.५
१७
मानव संसाधन तथा क्षमता विकास
सेवा प्रवाह


स्तम्भचित्र लैससास अवस्था लेखाजोखा
२५
२०
१५
१०
५
०
पुर्णाङ्क
प्राप्ताङ्क
२० २० २० २० २०
१६
१५.५
१७
१४.५
१६.५
नीति कानुन योजना
संस्थागत व्यवस्था
मानव संसाधन तथा क्षमता विकास
सेवा प्रवाह
सुशासन तथा उत्तरदायित्व

## ४.३ .लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सबै उपसूचकहरु प्राप्ताङ्क तालिका :(माकुरेजालो)

| क.स. | सूचक र उप- सूचकहरु | पूर्णाङ्क | सूचकहरुको संख्या | | | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | "०" आएका | "०.५" आएका | "१" आएका | |
| १ | नीति र कानूनमा समावेशिता/सहभागिता | ८ | १ | ३ | ४ | ५.५ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ० | १ | ७ | ७.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ० | २ | २ | ३.० |
| ४ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | १ | २ | १ | २.० |
| ५ | कार्यप्रणाली समावेशी | ४ | ० | १ | ३ | ३.५ |
| ६ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ० | १ | ३ | ३.५ |
| ७ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ० | ० | ४ | ४.० |
| ८ | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | ४ | ० | ३ | १ | २.५ |
| ९ | मानव संसाधन तथा क्षमता विकास | ८ | ० | २ | ६ | ७.० |
| १० | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना | ४ | ० | २ | २ | ३.० |
| ११ | कानूनी साक्षरता | ४ | ० | १ | ३ | ३.५ |
| १२ | विपद व्यवस्थापनमा समावेशिता | ४ | ० | १ | ३ | ३.५ |
| १३ | पूर्वाधार विकास | ४ | ० | ४ | ० | २.० |
| १४ | प्रजनन् स्वास्थ्य | ४ | ० | १ | ३ | ३.५ |
| १५ | शिक्षा कार्यक्रम | ४ | ० | ० | ४ | ४.० |
| १६ | खानेपानी तथा सरसफाइ | ४ | ० | १ | ३ | ३.५ |
| १७ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | २ | १ | १ | १.५ |
| १८ | सुशासन | ४ | ० | २ | २ | ३.० |
| १९ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ० | ० | ४ | ४.० |
| २० | सूचना तथा संचार | ४ | ० | १ | ३ | ३.५ |
| २१ | अनुगमन तथा मूल्याङ्कन | ४ | ० | २ | २ | ३.० |
| २२ | समन्वय र सम्बन्ध बिस्तार | ४ | ० | २ | २ | ३.० |
| | **जम्मा** | १०० | ४ | ३३ | ६३ | ७९.५ |


माकुरीजालो सहायक लैससास लेखाजोखा विस्तृत
पुर्णाङ्क
प्राप्तांक
नीति र कानूनमा–
योजना तर्जुमा तथा कार्यान्वयन
बजेट तर्जुमा तथा कार्यान्वयन
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
कार्यप्रणाली समावेशी
समिति, उपसमिति र कार्यदलमा–
वित्त व्यवस्थापन प्रणालीमा–
तथ्याङ्क सङकलन तथा–
मानव संसाधन तथा क्षमता विकास
अनौपचारिक मूल्य, मान्यता र–
कानूनी साक्षरता
विपद व्यवस्थापनमा समावेशिता
पूर्वाधार विकास
प्रजनन् स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानी तथा सरसफाइ
स्वरोजगार तथा आय आर्जन र–
सुशासन
उत्तरदायित्व र जवाफदेहिता
सूचना तथा संचार
अनुगमन तथा मूल्याङ्कन
समन्वय र सम्बन्ध बिस्तार


सहायक स्तम्भचित्र लैससास लेखाजोखा विस्तृत
पुर्णाङ्क
प्राप्तांक
नीति र कानूनमा समावेशिता
योजना तर्जुमा तथा कार्यान्वयन
बजेट तर्जुमा तथा कार्यान्वयन
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
कार्यप्रणाली समावेशी
समिति, उपसमिति र कार्यदलमा–
वित्त व्यवस्थापन प्रणालीमा–
तथ्याङ्क सङकलन तथा–
मानव संसाधन तथा क्षमता–
मूल्य, मान्यता र कुसंस्कार–
कानूनी साक्षरता
विपद व्यवस्थापनमा समावेशिता
पूर्वाधार विकास
प्रजनन् स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानी तथा सरसफाइ
स्वरोजगार आय आर्जन र बजार–
सुशासन
उत्तरदायित्व र जवाफदेहिता
सूचना तथा संचार
अनुगमन तथा मूल्याङ्कन
समन्वय र सम्बन्ध बिस्तार

## ५.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सबल पक्ष र सूधार गर्नुपर्ने पक्षहरु::

| सवल पक्षहरु | अवसर | सुधार गर्नुपर्ने पक्षहरु | चुनौती |
|---|---|---|---|
| लैससासको क्षेत्रमा नीति ,रणनीति,कार्यविधी योजना, कार्यालय तथा कार्यस्थलमा हुने यौन हिंसा बिरुद्ध आचारसंहिता ,नियमित GESI Audit ,महिला र बालबालिका सम्बन्धी विविध कोष र सोको कार्यविधी , सडक बालबालिका व्यवस्थापन, मानव बेचबिखन बिरुद्वक तथा ,बाल संरक्षण सम्बन्धी कार्यविधी लगायतका कागजात तयार भइ कार्यन्वयनको क्रममा रहेको । | नेपालको संविधान दिगो विकासको लक्ष्य | बनाइएका नीति तथा कानुनी व्यवस्थाहरु संघ तथा प्रदेशसँग बाझिएका हदसम्म संशोधन गर्नुपर्ने छ । ऐन नियम निर्देशिका कार्यविधी समयानुकुल अद्यावधिक गर्दै लानुपर्ने अवस्था छ। | नेपालको संविधान, दिगो विकासको लक्ष्य तथा स्थानीय सरकार संचालन ऐनको मर्म अनुसार बनेका मौजुदा स्थानीय कानुन कार्यविधी निर्देशिका मापदण्डको कार्यन्वयन । |
| राजनीतिक सामाजिक चेतनाको विकास भएको छ ।<br>लक्ष्यित कार्यक्रमहरुबाट महिला दलित विपन्न सिमान्तकृत वर्ग समुदायका मानिसहरुको क्षमता विकास सशक्तीकरण भएको छ । नीति निर्माण योजना कार्यक्रम तथा विकास निर्माणमा लक्ष्यित वर्ग समुदायका मानिसहरुको सहभागीता बढदै गएको छ ।घरेलु तथा लैंगिक हिंसाका घटनाहरुमा न्युनिकरण भएको छ । प्रदेश सरकार संघीय सरकार तथा अन्य INGO/NGO बाट आर्थिक प्राविधिक सहयोग प्रास भएको छ । सिमान्तकृत वर्ग समुदायको क्षमता विकास मार्फत आर्थिक वृद्धि र विकास हुँदै गरेको अवस्था छ । | नेपालको संविधान,दिगो विकासको लक्ष्य ,स्थानीय सरकार संचालन ऐन २०७४ लगायतका मार्गदर्शक कानुनहरु रहेका छन । संघ तथा प्रदेश सरकारमा विभिन्न संरचनागत व्यवस्थासँग समन्वय गर्ने अवस्था रहेको छ । | संघ प्रदेश तथा अन्य समानान्तर संरचनासँगको सहकार्यलाइ अझै बढाउनुपर्ने छ यसैगरी तहगत रुपमा माथील्ला सरकारका नीति तथा कार्यक्रमसँग एकाकार हुने गरि समन्वय गर्नुपर्ने अवस्था छ । | लैससास सम्बन्धी बुझाई । |

| | | | |
|---|---|---|---|
| आवधिक योजना मध्यमकालिन खर्च संरचना तथा वार्षिक नीति सँग तादाम्यता हुने गरि मितव्ययी पुर्ण ढंगले लैंङ्गिक उत्तरदायी बार्षिक बजेट(सहयोगी नतिजा प्राप्त भएको) विनियोजन हुने व्यवस्था मिलाएको छ । | तय गरेका बार्षिक बजेट तथा कार्यक्रम कार्यन्वयन गर्नको लागि आधार तयार भएको छ । | बार्षिक बजेट तथा कार्यक्रमको कार्यन्वयन क्षमताको विकास गर्नुपर्ने अवस्था छ भने नतिजामुखि हिसाबले बजेट विनियोजन र प्रभावकारी कार्यन्वयन गर्नुपर्ने अवस्था छ । | सिमित श्रोत साधन ,कार्यक्रम तथा बजेटमा कार्यगत दोहोरोपना |
| कार्यालयमा वार्षिक बजेटलाइ कार्यन्वयन गर्न सक्ने तथा सोको परिचालनमा कटिबद्ध पदाधिकारी सहितको जनशक्ती छ । | सेवा प्रवाह तथा सुशासन कायम गर्नका लागि सजिलो भएको छ ।कार्यरत जनशक्तीको क्षमता विकास तथा पहुँचको सुनिश्चितता कायम गर्ने अवसर प्राप्त भएको छ । | समयानुकुल तालिम तथा अन्य क्षमता विकासको कार्यक्रममा जनशक्तीलाइ समाहित गर्दै लानु पर्ने अवस्था छ ।कार्यसम्पादनमा आधारित दन्ड तथा पुरस्कार , स्पष्ट कार्यजिम्मेवारी प्रदान गर्नुपर्ने भएको छ । | सिमित जनशक्ती र सोको क्षमता विकास ,उत्प्रेरणा |
| नगरस्तरिय महिला विकास कार्यक्रम संचालक समिति, बालमैत्री स्थानीय शासन समिति , नगरस्तरिय बाल अधिकार समिति , नगरस्तरीय अपाङ्गता समन्वय समिति नगरस्तरिय समिति, उद्यम विकास समिति छ भने यसैगरी वडा स्तरमा बालमैत्री स्थानीय शासन समिति , टोल स्तरमा मिलिजुली समुह वडा स्तरिय मेलमिलाप केन्द्र र सोको समिति ,वडा स्तरिय महिला विकास समिति,वडास्तरीय बाल अधिकार समिति क्रियाशिल छ । साथै लैङ्गिक समनता प्रवर्द्धन गर्ने अन्य संरचनाहरु(सीप विकास समिती,उद्यमी समुह,टोल विकास संस्था) समेत क्रियाशिल भएको अवस्था छ । | विनियोजित कार्यक्रम कार्यन्वयन गर्न सहजता हुनाको साथै सन्तुलन र नियन्त्रण कायम गर्न सहज भएको छ । स्थानीय समुदायमा जागरुकता तथा अर्थपुर्ण सहभागिताको अवसर प्राप्त भएको छ । | नगरस्तरिय तथा वडा स्तरिय समितिहरुलाइ आबश्यकता अनुसार समन्वय ,सहकार्य तथा परिचालन गर्नुपर्ने अवस्था छ । यसैगरी बनेका समितिहरुलाइ अझै समावेशीमुलक तथा सहभागितामुलक बनाउँदै लैससासको क्षेत्रमा थप सक्रिय बनाउनु पर्ने छ । | आबश्यकता अनुसार समिति गठन /पुनर्गठन र परिचालन |

# ६.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन कार्ययोजना :

| अवस्था सुधारका लागि आवश्यक क्रियककलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | थप दायित्व पर्ने /नपर्ने | |
|---|---|---|---|---|---|
| **मुल शिर्षक** | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | समयावधि | पर्ने |
| **१ .नीति कानुन योजना** | | | | | |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७९ मा उल्लेखित खन्डिकृत तथ्यांकको विश्लेषण गर्ने ।<br>महिला विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधी २०७७ लाई संशोधन गर्ने । | महिला तथा ज्येष्ठ नागरिक शाखा ,सामाजिक विकास शाखा, कानुन तर्जुमा समिति | कार्यपालिका नगरकार्यपालिकाको कार्यालय | नगरकार्यापालिकाक ो कार्यालय | चालु आ.ब. | |
| महिला विकास कार्यक्रम संचालक समितिले मस्यौदा समितिलाइ लैससास को दृष्टिकोण अन्य सबै कानुन निर्माणका लागि सिफारिस गर्ने । | महिला तथा ज्येष्ठ नागरिक शाखा ,सामाजिक विकास शाखा,कानुन तर्जुमा समिति | कार्यपालिका नगरकार्यपालिकाको कार्यालय | नगर कार्यपालिकाको कार्यालय | चालु आ.ब. | |
| लैससास तथा सामाजिक विभेद अन्त्य गर्ने निति दस्तावेजहरुमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाइ संबोधन हुने निति कार्यक्रम मा उल्लेख गर्ने । | महिला तथा ज्येष्ठ नागरिक शाखा ,सामाजिक विकास शाखा | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | नगर कार्यपालिकाको कार्यालय | आगामि आ.ब. | |
| लैससास को दृष्टिकोणबाट वार्षिक बजेट तथा कार्यक्रम विश्लेषण गर्ने । | महिला तथा ज्येष्ठ नागरिक शाखा ,सामाजिक विकास शाखा | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | नगर कार्यपालिकाको कार्यालय | आगामि आ.ब. | |

| | | | | | |
|---|---|---|---|---|---|
| बार्षिक कार्यक्रममा लक्षित समुह छुट्याएर कार्यक्रम तर्जुमा गरिने । | योजना शाखा र महिला तथा ज्येष्ठ नागरिक शाखा ,सामाजिक विकास शाखा | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | नगर कार्यपालिकाको कार्यालय | आगामि आ.ब. | पर्ने |
| लक्ष्य नम्बर ५ लाइ सम्बोधन हुनेगरी लक्ष्यलाइ स्थानियकरण गरिने । | योजना शाखा र महिला तथा ज्येष्ठ नागरिक शाखा ,सामाजिक विकास शाखा | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | नगर कार्यपालिकाको कार्यालय | आगामि आ.ब. | |
| उपभोक्ता समितिको गठन प्रकृयामा महिलाको सहभागिता बढाउने रणनिति बनाउने । | योजना शाखा/वडा कार्यालय | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | नगर कार्यपालिकाको कार्यालय | चालु आ.ब. | |
| बार्षिक कार्यक्रममा लैससास परिक्षण प्रणाली प्रतिवेदन तयार गर्ने, वार्षिक योजनामा समावेश गरिएको कार्यक्रम पुर्ण कार्यान्वयन गर्ने । | सूचना प्रविधि शाखा आर्थिक प्रशासन शाखा महिला तथा ज्येष्ठ नागरिक शाखा ,सामाजिक विकास शाखा | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | कार्यपालिका/ नगर कार्यपालिकाको कार्यालय | चालु आ.ब. | पर्ने |
| दीगो विकास लक्ष्यका लक्ष्य वारेमा नगर पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने | योजना/ महिला तथा ज्येष्ठ नागरिक शाखा ,सामाजिक विकास शाखा | कार्यपालिका | कार्यपालिका/ नगर कार्यपालिकाको कार्यालय | निरन्तर | |
| स्थानिय तहको बार्षिक कार्यक्रममा स्थानिय तहको खण्डिकृत तथ्यांकको आधारमा रहेर लक्षित समुहको हितमा कार्यक्रमको संख्या र बजेटको निश्चित प्रतिशत उल्लेख गर्ने । | योजना/ महिला तथा ज्येष्ठ नागरिक शाखा ,सामाजिक विकास शाखा | | कार्यपालिका/ नगर कार्यपालिकाको कार्यालय | चालुआगामि / .ब.आ | |
| **२.संस्थागत व्यवस्था** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| नगरपालिकामा संचालित कार्यक्रमहरुको अनुगमन र समिक्षा कार्यमा महिला तथा वञ्चितिकरणमा परेका समुदायको हित हुनेगरी गठित समिति उपसमिति र कार्यदलहरुले सुझाव दिने र सोको विश्लेषण सहितको अनुगमन प्रतिवेदन तयार गर्नेकार्यान्वयन गरी / समिक्षा प्रतिवेदन तयार गर्ने । | योजना शाखा/ महिला तथा ज्येष्ठ नागरिक शाखा ,सामाजिक विकास शाखा | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | कार्यपालिका/ नगर कार्यपालिकाको कार्यालय | चालु आ.व. | |
| विभिन्न समिति उपसमिति र कार्यदलले प्रस्तुत गरेका नीतिगत तथा कार्यगत सुझावहरु कार्यपालिकाको वैठकमा पेश गर्ने.। | विषयगत समिति | कार्यपालिका | विषयगत शाखाहरु | २०८१ चैत्र मसान्त | |
| **३. मानव संसाधन तथा क्षमता विकास** | | | | | |
| लैङ्गिक हिंसा न्युनिकरणका लागि शुन्य सहनसिलता नीति अवलम्बन गर्ने, लैङ्गिक हिंसा सम्बन्धि उजुरीहरु न्यायिक समिति र स्थानिय प्रहरिमा दर्ता तथा बार्षिक प्रगति विवरण तयार गर्ने । | न्यायिक समिति / | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | कार्यपालिका/ नगर कार्यपालिकाको कार्यालय | चालु आ.व. | |
| **४ .सेवा प्रवाह** | | | | | |
| नगरपालिकाको कार्यालय र मातहतका कार्यालयमा कर्मचारी लगायत सेवाग्राही लक्ष्यित अलग्गै स्तनपान कक्षको कार्यविधी चालु आ.व.मा निर्माण गरी कार्यान्वयनमा ल्याउने । | योजना शाखा र सामाजिक विकास शाखा | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | कार्यपालिका/ नगर कार्यपालिकाको कार्यालय | चालु आ.व | पर्ने |
| **५ .सुशासन तथा उत्तरदायीत्व** | | | | | |
| महिला अधिकार तथा समानताको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताका क्षेत्रमा कार्यक्रम तय गरि अभिमुखिकरण तथा कार्यक्रम कार्यान्वयनमा ल्याउने । | योजना शाखा र सामाजिक विकास शाखा | | कार्यपालिका/ नगर कार्यपालिकाको कार्यालय | आगामि आ.ब. | पर्ने |
| बालमैत्री शासनयुक्त वडा घोषणाको क्रमलाइ निरन्तरता दिने । | शिक्षा, महिला बालबालिका तथा ज्येष्ठ | कार्यापालिका नगरकार्यपालि | कार्यपालिका/ | चालु आ.ब. | पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | नागरिक शाखा र वडा कार्यालय | काको कार्यालय | नगर कार्यपालिकाको कार्यालय | | |
| महिला बालबालिका ज्येष्ठ नागरिक तथा अपाङ्गत सम्बन्धी कार्यक्रमहरुको निरन्तरता | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र वडा कार्यालय | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | कार्यपालिका/ नगर कार्यपालिकाको कार्यालय | चालु आ.ब. | पर्ने |
| कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मुल्यांकनको पृष्ठपोषण सम्बोधन गरी योजना तथा कार्यक्रम तय गर्ने । | नगर स्तरियअनुगमन समिति | कार्यापालिका नगरकार्यपालिकाको कार्यालय | कार्यपालिका/ नगर कार्यपालिकाको कार्यालय | आगामि आ.ब. | |

# ७. निष्कर्षः

उर्लावारी नगरपालिकाको संस्थागत व्यवस्थाका सबै सूचकमा प्रदान गरिएको अंकलाई आधार मानि तेस्रो पटक लैससास परिक्षण गरिएको छ।

समग्र विश्लेषणका आधारमा नगरपालिकाको लैससास परीक्षणको नतिजा **उत्तम अवस्था** रहेको छ । अति आवश्यक रहेका सूचकमा नै परिमार्जन गरी आगामी लैससास परिक्षणको नतिजा प्रमाणिकरणका आधारमामा हुनेछ भन्ने विश्वास समेत लिईएको छ । आन्तरिक रुपमा यस्ता परिक्षणका लागी प्रयाप्त प्रमाणका आधार सहित सम्पूर्ण सूचकहरु नतिजा तथा आवश्यक प्रमाणहरुको अभिलेखिकरण तथा संकलन गरिएको छ । प्रत्येक विषयगत शाखाले लैससासलाई अन्तर सम्बन्धित सवालको रुपमा राखेर हरेक योजना तथा कार्यक्रम तयार देखि कार्यान्वयनको चरणसम्म लैससासलाई मूलप्रवाहिकरण गर्न सकेमा नतिजा राम्रो हुने निश्चित छ ।

पाँचवटै मूल विषयगत क्षेत्रको तुलनात्मक रुपमा **नीति कानून योजनाका** समग्र पक्षलाई विश्लेषण गर्दा ८० %तथा **अतिउत्तम** अवस्था रहेको छ ।**संस्थागत व्यवस्थामा** १५.५ (७७.५%( आएता पनि कर्मचारी पदाधिकारी प्रतिनीधित्व र तथ्याङ्क संकलन तथा व्यवस्थापनमा कार्य गर्नुपर्ने देखिन्छ ।**मानव संसाधनको** अवश्था अतिउत्तम रहेता पनि नगरपालिकाको लैससास रणनीति २०७९को कार्यान्वयनमा जोड दिन जरुरी रहेको छ ।**सुशासन तथा उत्तरदायित्वको** नतिजा अनुसार सुधार गर्नुपर्ने अवस्था झल्किन्छ ।**सेवा प्रवाहको** सूचकको अंक मापनको अवस्था उतेतम रहेता पनि सेवा प्रवाहको सार्वजनिक रुपमा कस्तो प्रभाव रहेको छ, मापन गर्न आवश्यक रहेको । **सुशासन तथा उत्तरदायीत्वका** लागी निरन्तर रुपमा कार्यक्रम तथा बजेटको सार्वजनिक सुनवाई ,सामाजिक परिक्षणका प्रतिवेदन संचार माध्यमबाट सबै जनताको पहुँचमा पुग्ने गरि प्रशारण गर्ने र अनुगमन समितिले कार्यक्रम तथा योजनाबाट लक्षित वर्गलाई परेको असर ,प्रभावको विश्लेषण गर्नु पर्ने देखिन्छ ।

# ८. सुझावः

- कानुन तथा नीति निर्माणको क्रममा महिला तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समुदायका प्रतिनिधि तथा सरोकारवालाहरुको अर्थपूर्ण सहभागितामा थप बृद्धि आवश्क रहेको ।
- कार्यान्वयनमा ल्याईएका सम्बन्धित ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितीकरणमा परेका समुदायमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्ने प्रावधानको व्यवस्थालाई थप प्रभावकारी बनाउनु पर्ने ।
- नगरपालिकालाई उपलब्ध हुने मार्गदर्शन एवं खर्चको सीमामा लैससासको लागि सशक्तिकरण गर्ने खालका परियोजना तथा कार्यक्रमहरू समावेश गर्नु पर्ने। .

- नगरपालिकाले जारी गर्ने बजेट सुचना प्रणालीमा प्रष्ट रुपमा लैंगिक संकेत तथा उत्तरदायी बजेट संकेत समेतको व्यवस्था गर्ने ।
- दीगो विकासका लक्ष्य नं. ५ प्राप्तिका लागि सबै तहका सरकार र प्रदेशस्तरीय मन्त्रालयसंग समन्वय तथा साझेदरी कार्यक्रमहरु गर्ने र सो अनुसारको समावेशी योजना तर्जुमा गर्नुका साथै आवधिक रुपमा समीक्षा गर्ने।
- १६ औं योजना तथा दीर्घकालिन क्षेत्रगत नीतिहरु, दीगो विकास लक्ष्य लगायत नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता **नीति कार्क्रमहरु, संघीय, प्रादेशीक सरकार लगायत स्थानीय सरकारसंग समेत समन्वय कायम गर्दै** लक्षित उद्देश्यहरु हांसिल गर्न सहकार्यलाई थप प्रभावकारी बनाउन आवश्यकता देखिन्छ।
- स्थानीय सरकारसँग स्थापित लैङ्गिक सम्बन्धी उजुरी दर्ता, हटलाईन वा टोल फ्री नम्बरको थप व्यवस्थापन र नियमित अनुगमन गर्न आवश्यक देखिन्छ।
- लैससास सम्पर्क व्यक्तिको क्षमता विकास ,कार्यसम्पादनको जिम्मेवारी (GESI Focal Person ) नियमित बैठक तथा समन्वय गर्नुका साथै समावेशी विकासका लागि छुट्टै क्षमता विकास योजना बनाई कार्यान्वयनमा ल्याइने छ।
- तेस्रो पक्षीय अनुगमन (Third party monitoring) बाट प्राप्त सुझाबहरूलाई समेटी कार्यक्रम निर्माण गर्ने । कार्यक्रमको प्रभावकारिताको लागि तेस्रो पक्षीय अनुगमन पद्धतीलाई निरन्तरता दिने ।
- कर्मचारी र जनप्रतिनिधिहरूको लागी सिकाई भ्रमणका कार्यक्रम राख्नुका साथै , लैससासको क्षमता विकास योजना बनाई नेपालको संबिधान ऐन कानुनका बारेमा अभिमुखिकरण गर्ने ।
- सेवा प्रवाहमा विशेष सम्बोधन गर्नुपर्ने वर्गका समुदायका लागि अग्राधिकार सहित सेवा प्रवाहलाई प्राथमिकता दिने जस्ता निर्देशिकाले औंल्याएका कुराहरूलाई प्रभावकारी बनाउने।

# ९.अनुसूचीहरुः

## अनुसूची १

**लैससास परीक्षणका लागि अध्ययन तथा पुनरावलोकन गरिएका सन्दर्भ सामाग्री हरुः**

१. नगरपालिकाको वस्तुगत विवरण २०७८

२. वार्षिक नीति तथा कार्यक्रम ०८०/८१

३. वार्षिक प्रगती प्रतिवेदन ०८०/८१

४. विपद व्यवस्थापन कार्यविधि ०८०/

५. करारमा प्राविधिक तथा श्रेणी विहिन कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि ०/

६. पशु तथा कृषि संचालन कार्यविधि ०८०/

७. नगरपालिकाले प्रकाशन गरेका कानुन" संग्रह ०८०

८. आदिवासी जनजाति दलित सम्बन्धि नीति ०८०

९. विषयगत क्षेत्रका नीति तथा नियमहरु ०७८

१०. लैससास नीति २०७९

११. लैससास मूलप्रवाहिकरण रणनीति २०७८

१२. कार्यस्थलमा हुने यौनजन्य हिंसा सम्बन्धी आचारसंहिता २०८०

## अनुसूची २

## <u>लैससास परीक्षण सम्वन्धी छलफल तथा समन्वयका लागि गठित कार्यदलको विवरण</u>

| | |
|---|---|
| १. संयोजकः | मिना कुमारी खतिवडा (उपप्रमुख) |
| २. सदस्यः | अभय कुमार गुप्ता (प्र. प्र. अ.) |
| ३. सदस्यः | शालीग्राम काफ्ले अधिकृत(शिक्षा शाखा) |
| ४. सदस्यः | कृष्णमाया कडरिया ( का.पा.स ) |
| ५. सदस्य सचिवः | चन्द्रकला सुव्वा ( लैससास फोकलपर्सन) |

# अनुसूची ३

## <u>लैससास कार्यान्वयन समितिको विवरण</u>

| | |
|---|---|
| १ .संयोजकः | ) नगरप्रमुख( |
| २. सदस्यः | (उपप्रमुख) |
| ३. सदस्यः | (प्रमूख प्रशासकीय अधिकृत) |
| ४. सदस्यः | (सामाजिक विकास समिति संयोजक) |
| ५. .सदस्यः | (कापा सदस्य मध्येवाट संयोजकद्वारा मनोनीत ) |
| ६ .सदस्यः | ( कापा सदस्य मध्येवाट संयोजकद्वारा मनोनीत ) |
| ७. सदस्यः | ( कापा सदस्य मध्येवाट संयोजकद्वारा मनोनीत ) |
| ८. सदस्यः | ( संयोजक द्वारा मनोनित ) |
| ९ .सदस्यः | ( संयोजक द्वारा मनोनित ) |
| १०.सदस्यः | (गैसस संघ संस्था वाट संयोजक द्वारा मनोनित ) |
| ११. सदस्य सचीवः | (म.बा.ज्ये.तथा सामाजिक विकास शाखा ) |

# अनुसूची ४

**सहभागीहरुको नामावली:**

| क्र सं | नाम थर | पद | लिंग | जाति | अपाङ्गता भएका व्यक्ती |
|---|---|---|---|---|---|
| १ | गंगा प्रसाद खरेल | नगर प्रमुख | पुरुष | ब्राम्हण/क्षत्री | |
| २ | मिना कुमारी खतिवडा | उप प्रमुख | महिला | ब्राम्हण/क्षत्री | |
| ३ | अभय कुमार गुप्ता | प्र प्र अ | पुरुष | ब्राम्हण/क्षत्री | |
| ४ | जानकी कुँवर राठी | सहजकर्ता | महिला | ब्राम्हण/क्षत्री | |
| ५ | शालिग्राम काफ्ले | उपसचिव | पुरुष | ब्राम्हण/क्षत्री | |
| ६ | तिलक कुमार पाण्डे | वडाध्यक्ष-१ | पुरुष | ब्राम्हण/क्षत्री | |
| ७ | कुल बहादुर कार्की | वडाध्यक्ष-८ | पुरुष | ब्राम्हण/क्षत्री | |
| ८ | उर्मिला थापा | वडाध्यक्ष-७ | महिला | ब्राम्हण/क्षत्री | |
| ९ | कल्याण कुमार राई | वडाध्यक्ष-२ | पुरुष | जनजाति | |
| १० | गोविन्द कार्की | लेखाअधिकृत | पुरुष | ब्राम्हण/क्षत्री | |
| ११ | चन्द्रकला सुव्वा | सा वि अ | महिला | जनजाति | |
| १२ | तारा काफ्ले | म वि नि | महिला | ब्राम्हण/क्षत्री | |
| १३ | सरु विश्वकर्मा | MEDPA | महिला | दलित | |
| १४ | कृष्णमाया कँडरिया | का पा स | महिला | ब्राम्हण/क्षत्री | |
| १५ | कृष्ण बर्देवा | का पा स | पुरुष | दलित | |
| १६ | कल्पना रोक्का | का पा स | महिला | दलित | |
| १७ | सन्त कुमारी विश्वकर्मा | का पा स | महिला | दलित | |
| १८ | सीता बुढाथोकी | का पा स | महिला | ब्राम्हण/क्षत्री | |
| १९ | डम्बर बहादुर भुजेल | का पा स | पुरुष | जनजाति | |
| २० | मनमाया तामाङ् | का पा स | महिला | जनजाति | |
| २१ | अमृता नेपाली | वडा सदस्य | महिला | दलित | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | विमला लिम्बु | वडा सदस्य | महिला | जनजाति | |
| २४ | दुर्गावती सुव्वा | वडा सदस्य | महिला | जनजाति | |
| २५ | भरत अधिकारी | अधिकृत छैटौं | पुरुष | ब्राम्हण/क्षत्री | |
| २६ | रेणुका प्रसाद काफ्ले | ज स्वा अ | पुरुष | ब्राम्हण/क्षत्री | |
| २७ | विष्णु प्रसाद भट्टराई | अधिकृत छैटौं | पुरुष | ब्राम्हण/क्षत्री | |
| २८ | मान बहादुर वनेम | अधिकृतआठौं | पुरुष | जनजाति | |
| २९ | रोशन ठाकुर | सू प्र अधिकृत | पुरुष | ब्राम्हण/क्षत्री | |
| ३० | विकास दाहाल | अधिकृत सातौं | पुरुष | ब्राम्हण/क्षत्री | |
| ३१ | हरि खतिवडा | न प्र सचिव | पुरुष | ब्राम्हण/क्षत्री | |
| ३२ | अम्बिका प्रसाद लुईंटेल | कृषि अधिकृत | पुरुष | ब्राम्हण/क्षत्री | |
| ३३ | नगेन्द्र प्रसाद तिम्सिना | अधिकृत छैटौं | पुरुष | ब्राम्हण/क्षत्री | |
| ३४ | नवराज भट्टराई | न उ प्र सचिव | पुरुष | ब्राम्हण/क्षत्री | |
| ३५ | याम बहादुर कार्की | न प्र स नि | पुरुष | ब्राम्हण/क्षत्री | |
| ३६ | लाल बहादुर तामाङ् | का स | पुरुष | जनजाति | |
| ३७ | संजय प्रधान | नगर प्रहरी | पुरुष | जनजाति | |
| ३८ | इन्द्र प्रसाद आपागाईं | ह स चा | पुरुष | ब्राम्हण/क्षत्री | |
| ३८ | सरिता धिमाल | का स | महिला | जनजाति | |
| ३९ | गीता मल्लिक | का स | महिला | दलित | |

# फोटोहरु




सूचकमा समूह छलफल तथा अंक प्रदान



प्रमुख ज्यूबाट सुचकमा सुझाव





